



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

जाति, धर्म वर्ण लिङ्गका आधारमा विवाद नगरौं, एकअर्का मिलेर अघि वढौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २८ गते सोमबार ❑ 13 Sept. 2021 ❑ पृष्ठ ६ ❑ मूल्य रू. २।-

## एमसिसी सम्झौता अनुमोदन हुनेमा अमेरिका विश्वस्त

**रासस**
**काठमाडौं, २७ भदौ**

मिलेनियम च्यालेञ्ज सम्झौता (कम्प्याक्ट) प्रतिनिधिसभाबाट शीघ्र अनुमोदन हुने विश्वास व्यक्त गर्दै एक अमेरिकी अधिकारीले त्यसबाट नेपाल र अमेरिकाबीचको ७३ वर्षदेखिको सहकार्य र साझेदारी अझ सुदृढ हुने बताएका छन् ।

नेपालको आर्थिक-सामाजिक रूपान्तरणलाई केन्द्रमा राखेर नेपाल सरकार स्वयंले आधा दशकभन्दा बढीको छलफल र वार्तापछि पाँचवर्षअघि अमेरिकासँग गरेको एमसिसी कम्प्याक्टलाई कार्यान्वयन गर्न नेपालका राजनीतिक दलबीच मतैक्य रहनेमा पनि आफू ढुक्क रहेको उनले बताए । "अमेरिका-नेपालबीचको सात दशकभन्दा पुरानो औपचारिकसम्बन्ध, त्यसयताभएका अनेकौं द्विपक्षीय सहकार्यका परियोजनाले नेपाललाई समृद्धिको यात्रामा अग्रसर हुन टेवा पुगेको छ । एमसिसी अनुमोदन नभए पनि हाम्रो सुमधुर सम्बन्धमा कुनै असर पर्नेछैन," नेपालको चारदिने भ्रमण पूरा गरी स्वदेश फर्कनुअघि आज अपराह्न यहाँ पत्रकार सम्मेलन गरेर मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) उपाध्यक्ष फतेमा सुमारले भन्नुभयो, "विगतका विकास परियोजनाले नेपालसँगको हाम्रो सम्बन्धलाई पुनः परिभाषित गर्न सघाएका छन् ।"

प्रतिनिधिसभाबाट एमसिसी अनुमोदनमा विलम्ब भए पनि अब राजनीतिक दलबीच शीघ्र सहमति हुनेमा आफू आशावादी रहेको बताउँदै उहाँले विभिन्न तहमा चारदिनसम्म गरेका भेटवार्ताबाट आफू त्यो निष्कर्षमा पुगेको नेपाल भ्रमणको निचोड सुनाउनुभयो । कोभिड-१९ को महामारीले शिथिल बनेको नेपालको अर्थतन्त्रको पुनरुत्थान तथा रोजगारीका अवसरको सृजनामा एमसिसी उपयोगी हुने बताउँदै जति चाँडो त्यो अनुमोदन हुन्छ त्यसैअनुसार परियोजना कार्यान्वयन भई सामाजिक-आर्थिक उन्नयनमा योगदान पुग्ने अभिमत उहाँले प्रकट गर्नुभयो । सम्झौता कार्यान्वयनका निम्ति चाल्नुपर्ने भावी कदमबारे उच्च राजनीतिक नेतृत्व, विभिन्न सरकारी अधिकारी, व्यापारिक तथा सामुदायिक नेतृत्वसँग समेत छलफल गर्न आउनुभएकी उहाँले प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओली, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, अर्थमन्त्री जनार्दन शर्मा, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाललगायतलाई बेग्लाबेग्लै भेटेर कम्प्याक्टलाई संसद्बाट पारित गर्न आग्रह गर्नुभएको थियो ।

नेपाल भ्रमणको पूर्वसन्ध्यामा गत बुधबार उपाध्यक्ष सुमारले सरकारले सोधेका ११ प्रश्नको जवाफ दिँदै विद्युत् प्रसारण लाइन र सडकलगायत नेपालको विकासका अत्यावश्यक भौतिक पूर्वाधार परियोजना कार्यान्वयन गर्ने रु ५५ अर्बको कम्प्याक्टका प्रावधान नेपालको संविधानभन्दा माथि नरहेका, हिन्द-प्रशान्त रणनीतिअन्तर्गत त्यसमा सैन्य अंशसमेत नरहेको स्पष्ट पार्नुभएको थियो ।

## 'जीवन पद्धतिलाई विद्युत्सँग जोड्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौ**

मानिसले आफ्नो जीवन पद्धति विद्युतीकरणमा जोड्दै लैजानुपर्ने आवश्यकता औँल्याइएको छ । प्रकृति रिसोर्सेस सेन्टरद्वाराआजपोखरामाआयोजना गरेको कार्यक्रममा वक्ताले जलवायु परिवर्तनको असर कम गर्न यातायात तथा खाना पकाउनेजस्ता मानवीय गतिविधि विद्युत्सँग जोड्नुपर्ने बताएका हुन् ।

विद्युत् उत्पादनसँग यसको मानव जीवनका हरेक पक्षमा उपयोग हुने गरी खपतको वातावरण तयार गर्नुपर्ने बताउँदै उनीहरूले नवीकरणीय ऊर्जाको माध्यमबाट विद्युतीकरणलाई थप सहज र सरल बनाउन सकिने बताएका हुन् । हरितगृह ग्यास उत्सर्जन घटाउन र जलवायु परिवर्तन अनुकूलनका लागि विद्युतीय उपकरणको प्रयोग अपरिहार्य रहेको उल्लेख गर्दै उनीहरूले ठूला विद्युत् योजनासँगै हावा, सौर्यलगायत वायोग्यासजस्ता नवीकरणीय ऊर्जामा जोड दिनुपर्ने धारणा राखे ।

गण्डकी प्रदेशका ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री हरिहरण आचार्यले नवीकरणीय ऊर्जाका दृष्टिले अग्रहणी स्थानमा रहेको गण्डकी प्रदेशमा सरकारले गण्डकी प्रदेश उज्यालो प्रदेश अभियानलाई सञ्चालन गरी रहेको बताउनुभयो । प्रदेशका हरेक सर्वसाधारणको पहुँचमा विद्युतीकरण पुग्ने गरी व्यवस्था गर्न लागिएको बताउँदै उहाँले नवीकरणीय ऊर्जाको सम्भावनालाई उजागर गर्न सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने उल्लेख गर्नुभयो । सहरीकरण एवम् बस्ती विकाससँगै चुनौतीका रूपमा थुप्रिएको फोहरलाई उपयोग गरी ऊर्जा निकाल्न सकिने भए पनि त्यसतर्फ ध्यान पुऱ्याउन नसकिएको उहाँले बताउनुभयो । मन्त्री आचार्यले फोहरलाई नवीकरणीय ऊर्जाका माध्यमबाट मोहोर बनाउनेतर्फ सरोकारवालाको ध्यान जानु आवश्यक रहेको बताउनुभयो ।

प्रदेशसभा सदस्य सरिता गुरुङले परम्परागत दाउराको प्रयोगबाट खाना पकाउने प्रचलनले गृहिणीको स्वास्थ्यमा असर परेको अवस्थालाई दृष्टिगत गर्दै विद्युतीय सामग्रीको प्रयोगलाई जोड दिनुपर्ने बताउनुभयो । प्रदेश नीति तथा योजना आयोगका सदस्य डा सुभास अधिकारीले विश्वव्यापी रूपमा फैलिएको कोभिडभन्दा पनि जलवायु परिवर्तन खतरा भएको बताउँदै यसको न्यूनीकरणका लागि विश्व नै जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिनुभयो । नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका नायब कार्यकारी निर्देशक नवराज ढकालले नवीकरणीय ऊर्जा उत्पादन र खपतमा प्रदेश सरकारलाई सहयोग गर्ने लक्ष्यका साथ कार्यक्रमको आयोजित गरिएको जानकारी दिनुभयो ।

गण्डकी प्रदेश ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका सचिव रामकुमार श्रेष्ठ, उज्यालो गण्डकी प्रदेश महाशाखा प्रमुख हरिदत्त पौडेल, वायु प्रदूषण र यातायात विज्ञ प्रशान्त खनाल, शोभा महर्जन, गण्डकी प्रदेश नवीकरणीय ऊर्जाका कुसल गुरुङ, जीवन अर्याललगायतले नवीकरणीय ऊर्जाको प्रचुर सम्भावना बोकेको गण्डकी प्रदेशले विद्युतीय सामग्रीको प्रयोगमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

## प्रथामिकताको आधारमा विकास निमार्णमा ध्यान केन्द्रित गर्छौं अर्थमन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौ**



गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रथामिकताको आधारमा विकास निर्माणमा केन्द्रित गर्ने बताउनु भएको छ ।

नेकपा माओबादी केन्द्र पोखरा २३ वडा कमिटिको आइतबार पोखरा २३ को बाम्दीमा आयोजित स्वागत तथा कार्यकर्ता भेटघाट कार्यक्रममा सम्बोधन गर्दै मन्त्री बरालले जनताको प्रथामिकताको आधारमा विकास निर्माणमा ध्यान केन्द्रित गर्ने बताउनु भयो । नेकपा माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहनु भएका मन्त्री बरालले जनताका धेरै आवश्यकता र मागहरु आफुहरु समक्ष आए पनि त्यसको आधारभूत आवश्यकताको आधारमा विकास निर्माणका योजनाहरुलाई प्रथामिकता दिने बताउनु भएको हो । अन्य पाटी भन्दा माओबादी फरक भएको उल्लेख गर्दै मन्त्री बरालले माओबादी अब पहिलाकै ढंगले जनताको हितहुने गरी जनपक्षिय कार्यमा जुट्न सुझाव दिनु भएको छ । उहाँले भन्नुभयो" हिजो कुनै समयमा कानूनी बिषयलाई माओबादीले मौखिक सहमतिमा धेरै जनताको पक्षका ओकालत गर्दै आएको थियो, अहिले सत्तामा भएकोले त्यसलाई संस्थागत गर्न खोजेका छौं, माओबादी अब फेरी निष्ठा पुर्वक निःस्वार्थ भावले एकताबद्ध हुनुपर्छ ।" माओबादीलाई २०६४ सालकै अबस्थामा पुराउने गरी नेता तथा कार्यकर्ताहरु एक भई अघि बढ्न सुझाव दिदै मन्त्री बरालले माओबादी नभएमा पन्चायत भन्दा कहाली लाग्दो अबस्था आउन सक्ने आशंका गर्नु भएको छ ।

ठगिधन्दा गर्नेहरुको समुहलाई फेवातालको सिल्ट्रेसन ड्याम निर्माण गर्ने जिम्मा दिएकोले गर्दा ड्याम फुट्ने समस्याले निरन्तरता पाउदा जनतालाई सास्ती भएको मन्त्री बरालको भनाई थियो । माओबादीसंग बासमतीको चामलै चामल हुदा चामल बेच्न नसकेको तर पूर्व प्रधानमन्त्री केपी शर्मा ओली समुहले भने पिठो बिक्रि गरेको मन्त्री बरालको टिप्पढी थियो । नेपाली जनताको शिर झुक्ने काम कहिले पनि नगरेको उहाँको दाबी गर्नु भयो । उहाँले भन्नु भयो"हाम्रो पार्टीले चुनाब जित्नुपर्छ, राज्यले पछाडि पारेकालाई निती निर्माणमा ल्याउने काम हाम्रो पार्टीले गरेको छ, समानुपातिक, समावेसी, गणतन्त्र, धर्मनिरपेक्षता लगायतका जनताका अधिकार माओबादीले स्थापित गरेको हो, यो माओबादीको डकुमेन्टमा उल्लेख रहेको छ ।" यसैबिच प्रदेशका भूमि व्यबस्था, कृषि सहकारी तथा गरीबी निवारण मन्त्री चन्द्र बहादुर बुढाले माओबादी पार्टीका केन्द्रका नेता देखि तल्लो तहसम्म केही सुधार गर्नुपर्ने बताउनु भयो । दलाल, पुंजिपतीको समसंग्रहमा परेर अतिवाद प्रतिगमनलाई परास्त पारेर पनि हाल काग्रेंस सहितको दलहरुसंग एकतासंगै सघर्ष समेत जारी रहेको मन्त्री बुढाको भनाई थियो । जग्गा चक्लाबन्दी र एक सहकारी एक उत्पादन कार्यक्रममा केही अनुदान भएकोले यसबाट लाभ लिन मन्त्री बुढाले आग्रह समेत गर्नु भएको छ । पोखरा २३ का वडा पार्टी अध्यक्ष घनश्याम पराजुलीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा माओबादी नेता केशव पौडेल, जनकराज पराजुली, जीवन कुमार सुनार, लोकराज दाहाल लगायतले वोल्नु भएको थियो । कार्यक्रममा स्थानिय विभिन्न संघ संस्थाहरुले मन्त्री बराल तथा मन्त्री बुढा समक्ष माग पत्र समेत पेश गर्नु भएको थियो । त्यस्तै फेवातालको सिरान भाग क्षेत्रमा हर्पन खोलाले यस बर्ष पुराएको क्षतीको बारेमा समेत मन्त्री बराल र बुढाले अवलोकन गर्नु भएको छ ।

## गण्डकीमा एक सातामा एक हजार ७३४ संक्रमण मुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौ**

गण्डकी प्रदेशमा पछिल्लो एक सातामा एक हजार ७३४ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् ।

यस अवधिमा एक हजार ७२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा १६६ जना सङ्क्रमण मुक्त भएको र १९२ जना थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । यस अवधिमा पर्वतको फलेवास नगरपालिका-२ का २६ वर्षीय कोरोना सङ्क्रमित पुरुषको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र गण्डकी प्रदेशका संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार निजमा भदौ १७ गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो । निजसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार ३३२ पुगेको छ । प्रदेशमा हाल एक हजार ५२१ जना होम आइसोलेशनमा छन् ।

## जन्मदिन मनाउन मानव सेवा आश्रममा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौ**

लायन्स क्लव अफ पोखरा फेवा वेगनास चौतारीले पोखरा १७ छोरेपाटनमा रहेको मानव सेवा आश्रममा आश्रीतहरुलाई खाना खुवाएको छ ।

क्लवका अध्यक्ष महेश्वर रिमालले आफ्ना छोरा गणेश रिमाल र छोरी मञ्जु बरालको जन्मदिनको अवसर पारेर आइतबार आश्रममा आश्रीत रहेका ७० जनालाई खाना खुवाउनुभएको हो । जन्मदिनको अवसरमा अनावश्यक फजुल खर्च गर्नु हुन्न सकेको सहयोग गर्नुपर्छ भन्ने सन्देश प्रदान गर्नको लागि यो कार्यक्रम गरिएको अध्यक्ष रिमालले बताउनुभयो । क्लव अध्यक्ष रिमालको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै लायन्स क्लव अफ ३२५ बि १ नेपालका क्लष्टर चिफ सन्तोष घिमिरे र पुष्पाकुमारी आचार्य, डिपुटी चिफ मोडल भिलेज जीत बहादुर थापा गोपाल, रिजन चियर पर्सन पवित्रा न्यौपाने, जोन चियर पर्सन सावित्रा पौडेल र डा. भवानी शंकर पौडेल, लायन्स क्लव अफ पोखरा सिर्जना चौतारीका अध्यक्ष कृष्ण बहादुर कार्की, लायन्स क्लव अफ पोखरा विरौटा साझा चौतारीका अध्यक्ष गिता पराजुली, लायन्स क्लव अफ कोहिनुर भिलेजका अध्यक्ष कमला केसी लगायतले जन्मदिनको अवसरमा मानव सेवाआश्रममा सहयोग गरेकोमा सराहना गर्नुभयो । यो सन्देशमुलक कार्यक्रम भएकोले अन्य व्यक्तिलाई समेत सहयोग गर्नुपर्छ भन्ने भावना जागृत गराउन सघाउने उहाँहरुको भनाई थियो ।

मानव सेवा आश्रममा आश्रीतहरुसँग जन्मदिन मनाउदै उनीहरुलाई खाना खुवाउन पाएकोमा गणेश रिमाल र मञ्जु बरालले खुशी व्यक्त गरे । जन्मदिनको अवसरमा अनावश्यक खर्च गर्नु भन्दा यसरी सहयोग गर्न सके मन आनन्दीत हुने दुवैजनाको भनाई थियो ।



# झोलुङ्गे पुलसँग जोडिएको समृद्धि र विकासको आशा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौ**

सुन्दा अनौठो लाग्न सक्छ, पुल भएका अवस्थामा आठ/१० मिनेटमा हिँडेरै वडा कार्यालय पुग्नसक्ने पोखरा महानगरपालिकाभित्रै वडा नं ३२ तल्लो गगनगौँडाका स्थानीयवासी अहिले भने त्यहाँ जान झण्डै एक घण्टा हिँड्नुपर्ने बाध्यतामा छन् ।

लामो समयदेखि चर्चामा रहेर पनि बन्न नसकेको तल्लो गगनडौडाको बाह्रसय चौतारा क्षेत्रको नवीन टोलबाट मालमूल फाँटको स्यालतहरा जोड्ने झोलुङ्गे पुल निर्माणका लागि गत वर्ष विस्तृत आयोजना प्रतिवेदन( डिपिआर) तयार भएपछि अब भन्ने बन्ने आशा जगाएको छ । यस क्षेत्रका लागि वडा कार्यालय जोड्नका लागि झेलुङ्गे पुल अपरिहार्य भएका अवस्थामा यस वर्षदेखि काम सुरु हुन्छ भन्ने कुराले आफूहरूलाई हर्षित बनाएको नवीन टोल विकास संस्थाका संस्थापक अध्यक्ष मुकुन्द घिमिरेले बताउनुभयो ।

"तल्लो गगनगौँडा क्षेत्रका स्थानीयवासी पुलको अभावमा वडा कार्यालयसम्म आधा घण्टाभन्दा बढी हिँड्नुपर्ने बाध्यतामा छन्", उहाँले भन्नुभयो, "पुल निर्माण सम्पन्न भएमा बाटो छोटिएर आठ/१० मिनेटमा पुग्न सकिनेछ ।" कृषिजन्य उत्पादनमा तल्लो गगनगौडा, राजाचौतारा, मालमुल, देउराली आदि स्थान अब्बल मान्निछन् ।

तरकारीका साथै तेलहनको राम्रो उत्पादन हुने यस स्थानमा पुल बन्न सकेमा उत्पादित बस्तुको बिक्रीवितरणका लागि बजारसँग सहज पहुँच बढाउन सकिन्छ। तल्लो गगनगौँडा हुँदै पोखरा-काठमाडौँ जोड्नेपृथ्वीराजमार्गगएकोहुँदापनि यस क्षेत्रका कृषिजन्य उत्पादनको सहज बजारीकरणका लागि पुल अपरिहार्य भएको स्थानीय युवा नवराज घिमिरेले बताउनुभयो ।

पुल निर्माणस्थल रहेको क्षेत्र स्यालतहरामा गण्डकी प्रदेश सरकारले स्थापना गर्न लागेको गण्डकी विश्वविद्यालयले पनि आफ्ना शैक्षिक कार्यक्रम सुरु गर्न लागेका अवस्थामा गगनगौँडा क्षेत्रबाट अध्ययनका लागि जाने विद्यार्थीका लागि पनि पुल अपरिहार्य भएको उहाँको भनाइ छ । "गण्डकी विश्वविद्यालयमा पढ्न आउने विद्यार्थीका साथै वडाका विभिन्न काम लिएर आउने सर्वसाधारणलाई लक्षित गरी यथासक्य पुल निर्माणको कार्य अघि बढाउनुपर्ने देखिन्छ", उहाँले भन्नुभयो, "सङ्घीयताको मर्म र भावनाअनुरुप सेवाग्राहीलाई नजिकबाट सेवा प्रवाह गर्ने सरकारको लक्ष्यलाई साकार पार्न पनि पुलको निर्माणकार्य अविलम्ब सञ्चालन गर्नुपर्ने आवश्यकता छ।" तल्लो गगनगौँडाको लामे आहाल क्षेत्रमा निर्माण गर्ने भनिएको प्रदेश क्षेत्रीय बसपार्कका साथै भरतपोखरीको पुडिटारमा निर्माण गर्ने भनिएको प्रदेश औद्योगिक क्षेत्रसँग राजाचौतारा, मालमूल, बडहरे, सातमुहाने, डाँडा गाउँ, ढोडबैँसी, देउरालीलगायत स्थानको सिधा र सहज सम्पर्कका लागि पनि यहाँ झोलुङ्गे पुल अपरिहार्य ठानिएको छ ।

तल्लो गगनगौँडाबाट वडा कार्यालय जोड्ने गरी निर्माण गर्न लागिएको झोलुङ्गे पुल यस क्षेत्रको समृद्धि र विकासका लागि महत्वपूर्ण बन्ने पोखरा महानगरपालिका-३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीले जानकारी दिनुभयो ।

विस्तृत आयोजना प्रतिवेदन( डिपिआर) अनुसार कूल २९० मिटर लम्बाइमा यो पुल बन्न लागेको उहाँले जानकारी दिनुभयो। गण्डकी विश्वविद्यलायको पठनपाठ सुरु हुने तयारी भइसकेको र तल्लो गगनगौँडा र आसपासका क्षेत्रबाट वडा कार्यलयसँगको पहुँच सहज बनाउनका लागि पनि पुल निर्माण कार्यलाई चाँडो अघि बढाउनुपर्ने देखिएको उहाँले बताउनुभयो ।


## हार्दिक बधाई

देश बिदेशमा समेत आफ्नो नाम राख्न सफल पोखराको अग्रणी सामाजिक संस्था सिद्धार्थ क्लब पोखरा -८ को ३७ औ साधारण सभाबाट निर्वाचित अध्यक्ष तिर्थ श्रेष्ठ लगायत सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको कार्यकाल पूर्ण सफलताको हार्दिक शुभकामना एंव बधाई ज्ञापन गर्दछु ।




**देवेन्द्र पराजुली**
(आजिवन सदस्य सिद्धार्थ क्लब पोखरा)
पोखरा-४, सिद्धार्थचोक


# पोखरा वृद्धाश्रमलाई अक्सिजन हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौ**



रोटरी क्लब अफ पोखराले सीतापाइलास्थित पोखरा वृद्धाश्रमलाई अक्सिजन मेसिन उपलब्ध गराएको छ । अमेरिकामा निर्मित सो मेसिनले प्रतिघण्टा १० लिटर अक्सिजन उत्पादन गर्न सक्ने जनाइएको छ।

क्लबका अध्यक्ष निर्मल कर्माचार्यले आश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीलाई सो उपकरण हस्तान्तरण गर्नुभयो । कार्यक्रममा अध्यक्ष कर्माचार्यले शिक्षा र स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको रोटरीले यसअघि पोखरा-१७ नगर स्वास्थ्यचौकी, डेभिजफल युवा क्लब, भलाम, निर्मलापोखरी, भरतपोखरीलगायत मुस्ताङमा समेत आवश्यकताअनुसार अक्सिजन सिलिन्डरसमेत वितरण गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार क्लबको रु आठलाख सहयोगमा मुटुरोग उपचारका लागि पश्चिमाञ्चाल क्षेत्रीय अस्पताल पोखरामा 'क्याथ ल्याब' स्थापना गरी सञ्चालनको तयारी गरिएको छ । यसैगरी महिलाका सहभागितामा रु १० लाख मास्क उत्पादन गरी कास्कीका विद्यालयलाई निःशुल्क वितरण गर्ने लक्ष्य रहेको बताइएको छ । क्लबले स्तन क्यान्सरका बिरामीका उपचारमा समेत सहयोग गर्ने अभियान सञ्चालन गरेको उहाँको भनाइ छ।

वृद्धाश्रमका अध्यक्ष पराजुलीले आश्रममा ५५ आश्रित रहेका जानकारी दिँदै उनीहरूलाई कोभिडविरुद्धको खोप लगाएको बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेस पोखरा-१७ एकाइ सभापति देवराज आचार्य, पुण्डरी बराल, माधव बराल, सञ्चारकर्मी हरि बाँस्तोला, समाजसेवी श्यामप्रसाद शर्मालगायतले समाज सेवामा सामूहिक सहकार्य आवश्यक रहेको बताउनुभयो






# जनप्रियको एमविएमा ९५ प्रतिशत उत्तीर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौ**

जनप्रिय बहुमुखी क्याम्पसको एमविए इन हस्पिट्यालिटी म्यानेजमेन्ट दोस्रो सेमेस्टरको परीक्षाफल प्रकाशन भएको छ । एमविए दोस्रो सत्रको नियमित परीक्षामा ९५ प्रतिशत विद्यार्थीले उत्कृष्ट नजिता ल्याउन सफल भएका छन् ।

डिग्री लेभलका विद्यार्थीको शैक्षिक सत्रलाई मध्यनजगर गर्दै क्याम्पसले कोरोना महामारीबिच गत असार ३० गतेदेखि साउन ५ गतेसम्म परीक्षा सञ्चालन गरेको थियो । एमविए पहिलो व्याजका विद्यार्थी हाल तेस्रो सेमेस्टरमा अध्ययनरत छन् । एविए इन हस्पिट्यालिटी म्यानेजमेन्ट कार्यक्रम नेपाली तथा विदेशी विद्यार्थीहरूलाई हस्पिट्यालिटी क्षेत्रसँग सम्बन्धित व्यवस्थापकीय ज्ञान, सीप तथा दृष्टिकोणको विकास गरी दक्ष जनशक्ति पर्यटन उद्योग र अन्तर ष्ट्रिय श्रम बजारमा पठाउने उद्धेश्यले सञ्चालन गरिएको क्याम्पस प्रमुख बिरञ्जी गौतमले जानकारी दिए ।


क्याम्पस प्रमुख गौतमले गुणस्तरको कसीलाई कायम राख्दै विद्यार्थी भर्ना छनौटमा निष्पक्षता अप्नाउँदा, छानिएका सही विद्यार्थीले आफ्नो क्षमता देखाउँदा नै उत्कृष्ट नजिता ल्याउन सफल भएको दावी गरे । विश्व अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान ६० प्रतिशतभन्दा माथि रहेको छ। दक्ष जनशक्ति उत्पादन हुँदा सेवा क्षेत्रमा प्रवेशका लागि ढोका खुल्ने छ । पर्यटन उद्योगमा दक्ष जनशक्तिको माग र खपत दिनप्रतिदिन बढ्दो छ । हस्पिट्यालिटी म्यानेजमेन्टले केवल पर्यटन क्षेत्रलाई मात्रै नभई समग्र सेवा क्षेत्रलाई योगदान दिने भएकाले जनप्रियको नतिजाले थप आशामुखी बनाएको छ।

गत असारमा विविए सङ्कायका दुई जना विद्यार्थी नेपाल भरिकै प्रथम, दुई जना विद्यार्थी दोस्रो र एक जना विद्यार्थी तेस्रो हुन सफल भएका थिए । जनप्रियको यस्तो रहर लाग्दो नतिजाले क्याम्ससको गरिमा उचो भएको क्याम्पस सञ्चालक समितिका अध्यक्ष तारा गिरीले बताए । एमविए इन हस्पिट्यालिटी म्यानेजमेन्ट अध्ययनका लागि विएचएम, विएमटिएम, विविए, विविएस लयायत विज्ञान, व्यवस्थापन, मानविकी तथा कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीले आवेदन दिइ प्रवेश परीक्षा पास गरी अध्ययन गर्न सक्ने कार्यक्रम संयोजक विश्वासराज पौडेलले जानकारी दिए । जनप्रिय बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालयको सम्बन्धन र विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर मान्यता प्राप्त गरेको छ । मानित विश्वविद्यालयको गोरेटोमा अगाडि बढेको जनप्रियले आफ्नै पहलमा पाठ्यक्रम तयार गरी स्वयत्त कार्यक्रम अन्तर्गत एमविए इन हस्पिट्यालिटी र स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन (बिएमटिएम) को शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । प्रात र दिवा सत्रमा ५ हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्ने जनप्रिय क्याम्पसले देशभरिका १ हजार ९६ सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार पाइसकेको छ । विश्वविद्यालय अनुदान आयोगको छनौटमा परेको जेएमसीले दुई पटक गुणमापन तथा प्रत्यानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा सर्वोकृष्ट ठहरिएको छ ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्बार सम्वन्धी रोग** : छारसुत्रद्बार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्बारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्बार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# समय सकिने बेलासम्म पनि निर्माण शुरु भएन

**–नवीन लामिछाने**
**मनाङ, २७ भदौ (रासस)**

हिमाली जिल्ला मनाङ सडक सञ्जालबाट विच्छेद छ । गत जेठ १४ र असार १ गते आएको बाढीपहिराका कारण मनाङ पूर्णरुपमा सडक सञ्जालबाट टाँढिएको छ। डुम्रे-बैँसीशहर-चामे सडकखण्ड बाढीपहिराले सवारी सञ्चालन पूर्णरुपमा अवरुद्ध छ भने मानिस आवतजावत गर्न सक्ने अवस्था समेत छैन।

अवरुद्ध सडक सञ्चालन गर्न निर्माण कम्पनीले सम्झौता गरे पनि हालसम्म सुरुआत भएको छैन । सडक मर्मत तथा सम्भार र निर्माणको काम सुरुआत नहुँदा आवतजावतका साथै सामग्री ढुवानीमा समस्या भएको स्थानीयवासीको भनाइ छ। निर्माण कम्पनीले दुई महिनामा सडक निर्माण गरी सामग्री ढुवानी र आउजाउलाई सहज बनाउने उद्देश्यले सम्झौता गरेअनुरुप निर्माणको काम नहुँदा स्थानीयवासी निराश बनेका छन्।

गत असार १ गते आएको बाढीपहिराले सडकका धेरै स्थानमा क्षति पुर्‍याएको छ । केही ठाउँमा सडकको निसान समेत मेटिएको छ। छिटो निर्माण गरिने भनिएको सडकको हालसम्म पनि निर्माणको काम थाल्न सकिएको छैन । सडक निर्माणका लागि उत्तरगया कन्स्ट्रक्सन प्रालिसँग सडक डिभिजन कार्यालयले साउन पहिलो साता सम्झौता गरेको थियो । सम्झौताअनुसार काम नहुँदा सम्बन्धित निकायले चासो दिए पनि काम अगाडि नबढ्दा जिल्लावासी चिन्तित बनेका छन् । “सम्झौताअनुसार सडक निर्माणको समय सकिने अवस्था आइपुगेको छ, तर निर्माण कम्पनीले हालसम्म पनि काम थालेको छैन, स्थानीयवासीको आशा निराशामा परिणत भइरहेको छ”, प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले भन्नुभयो, “समयमा काम नथालिएमा निर्माण कम्पनीलाई कारवाही गर्छौं ।” पटकपटक छिटो काम अगाडि बढाउन दबाब दिइए पनि निर्माण कम्पनीले चासो नदिएको स्थानीयवासीको आरोप छ । निर्माण कम्पनीलाई दबाब दिइएको प्रजिअ लामिछानेले बताउनुभयो । समयमा निर्माणको काम नथाले कारवाहीको दायरामा ल्याइने उहाँले बताउनुभयो। सडक सञ्जाल टुट्दाखेरी यहाँको भौतिक संरचना निर्माणका लागि आवश्यक सामग्री ढुवानी गर्न र मेसिन ल्याउन नसक्दा अझ चिन्ता बढेको उहाँ बताउनुहुन्छ । गत साउन पहिलो साता रु दुई करोड बजेट व्यवस्थापन गरिएको भए पनि निर्माण कम्पनीले ५० प्रतिशत कम रु एक करोडमा सम्झौता गरेको थियो । कम मूल्यमा बोलपत्र पारेर काम नगर्ने र स्थानीयवासीको सहजताका लागि काम गर्नुपर्ने भए पनि निर्माण कम्पनीले काम नथालेर समय थप्दै निर्माणको काममा ढिलाइ गर्दै आइरहेको छ। निर्माण कम्पनी उत्तरगया कन्स्ट्रक्सन प्रालिका निर्देशक धनबहादुर गुरुङले काम नै नथालिएको भन्न नमिल्ने र काम सुरुआत गरिए पनि वर्षा भइरहदा समस्या भएको बताउनुभयो। “झरी पर्न रोकिएको छैन, एक दिन मौसम सफा भए पनि अर्को दिन पानी पर्छ, त्यसले गर्दा एक ठाउँ सडक बन्यो भनेर अर्को ठाउँमा बनाउँदै गर्दा बनेको ठाउँको सडक भत्किन्छ, त्यसैले ढिलाइ भएको हो”, गुरुङले भन्नुभयो । वर्षा नरोकिँदा सडक निर्माणमा ढिलाइ भएको समस्या देखाउँदै निर्माण कम्पनी पन्छिन खोजेको नासों गाउँपालिका-१ का वडाध्यक्ष झलकबहादुर गुरुङले बताउनुभयो । “बैँसीशहरबाट नासोंको प्रवेश स्थानमा आइपुग्न मुस्किल छ। सडक कहिले बन्ला र सहज होला भन्ने हामीलाई भइरहेको छ, स्थानीयवासी आफैं गएर सामग्री ल्याउन सक्ने अवस्था छैन, निर्माणका लागि दबाब दिँदादिँदै पनि मुखदर्शक बन्न बाध्य भएका छौं जनप्रतिनिधि”, उहाँले भन्नुभयो । लमजुङको केही भाग निर्माण भए पनि मनाङतर्फको भागमा निर्माणको थालनी भएको छैन । यसरी कम्पनीले निर्माण सम्पन्न गर्ने मितिअनुसारको काम नहुने र सम्झौता थप्दै बजेट सक्ने कार्यले मनाङ सडक सञ्जालबाट लामो समयसम्म टाढा रहने देखिएको छ । बैँसीशहर-चामे-खाङ्सार सडक खण्ड १०७ किलोमिटर छ। उक्त सडकअन्तर्गत मनाङ डिस्याङ गाउँपालिका-१ स्थित तलेखु-भ्राताङ भिरमा सडकको निर्माणको काम भइरहेको छ । हाल बाढीपहिराले सडकको निशान मेटिदिएपछि उक्त स्थानमा भीरको चट्टान कटान तथा बम प्रहार गरी सडक सञ्जाल निर्माणको काम भइरहेको सडक डिभिजन कार्यालयले जनाएको छ।

# ‘लाहुरे’को समाजसेवा

**–सन्तोष गौतम**
**म्याग्दी, २७ भदौ (रासस)**

पन्ध्र वर्ष बेलायती गोर्खा सैनिकमा सेवा गरेका अन्नपूर्ण गाउँपालिका-८ का चामबहादुर पुनलाई नपुग्दो केही छैन। विश्वकै सुविधासम्पन्न मानिने लण्डन सहरमा परिवारसँगको बसाइँ छाडेर ६६ वर्षका चामबहादुरले पछिल्लो एक दशक आफ्नै जन्मथलोको विकासमा खर्चनुभएको छ। उहाँको अगुवाइमा गाउँपालिकाको काफलडाँडामा समुदायस्तरबाट रु दुई करोड ५० लाख सहयोग जुटाएर पुन समुदायको कूल देवता ‘करबाकेलि’को थान, पूजास्थल, सामुदायिक लज, पदमार्ग र सङ्ग्रहालय निर्माण गरिएको छ।

“लाहुरे बनेर आफ्नो आर्थिक अवस्था सुधारे पनि गाउँमा गरिबी घटाउने र विकासको भोक मेटाउने चिन्ताले सताइरहन्थ्यो”, चामबहादुरले भन्नुभयो, “मैले समय मिलाए, परिवार र समाजको साथले करबाकेलीको कायापलट गर्न सम्भव भएको हो ।” दशकअघिसम्म बाँझिएको डाँडाको पाखामा पूर्वाधार बनाएर त्यसैलाई केन्द्रित गरी ‘करबाकेली इको ट्रेक’ सञ्चालन गरेपछि करबाकेली यहाँको प्रमुख धार्मिक पर्यटकीय गन्तव्यस्थल बनेको छ । बेलायती गोर्खा सैनिकका सेवानिवृत्त मेजर ७८ वर्षीय चन्द्रबहादुरको परिचय यतिमै सीमित छैन् । सेवानिवृत समय र पेन्सनबापत पाउने सुविधाले जन्मथलोको शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा सघाएका चन्द्रबहादुरलाई अन्नपूर्ण-७ टिकोटका बासिन्दा समाजसेवीको रुपमा चिन्दछन्।

“उहाँ (चन्द्रबहादुर)ले टिकोटको शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासका लागि आर्थिक मात्र नभएर श्रम र समय दिएर हामीलाई प्रोत्साहन गरिरहनुभएको छ”, टिकोट माविका प्रअ ठगराज पुनले भन्नुभयो, “उहाँको योगदान टिकोटवासीका लागि अविश्मरणीय छ।” पन्ध्र वर्षको उमेरमा बेलायतको गोर्खा सैनिकमा भर्ती भएका उहाँले टिकोटको विकास र पोखरामा रहेका विभिन्न सङ्घ संस्थालाई करिब रु ७५ लाख नगद सहयोग गर्नुभएको छ । विसं २०५३ मा माध्यमिक तहको कक्षा सञ्चालन गर्न टिकोट माविलाई रु दुई लाख सहयोग गरेका चन्द्रबहादुरले नयाँ भवन निर्माणका लागि थप रु १८ लाख उपलब्ध गराउनुभएको छ।

महभीर टिकोट सडक निर्माणका लागि रु तीन लाख उपलब्ध गराएर पोखरामा आर्थिक सङ्कलन सुरु गरेका उहाँले अरुलाई प्रोत्साहनका साथै आर्थिक स्रोत जुटाउने अभियानको अगुवाइ गर्नुभयो। टिकोटमा बाँस्केटबलको पक्की खेलमैदान निर्माण गर्न रु ५५ हजार सहयोग गर्नुभएका चन्द्रबहादुरले करिब एक महिना श्रमदान गर्नुभयो।

उहाँका दाजुभाइ र परिवारले रु २१ लाखको अक्षयकोष बनाएर टिकोटमा सामुदायिक स्वास्थ्य किल्निक सञ्चालन गर्न दुई जना कर्मचारीको तलब र औषधि खरिदमा सघाउनुभएको छ। वार्षिक रु १५ लाख पेन्सन पाउने चन्द्रबहादुर आफ्नो जन्मगाउँ टिकोटका साथै पोखराका सामाजिक सङ्घ संस्थालाई सामाजिक कामका लागि रु ७५ लाख सहयोग गरिसकेको बताउनुहुन्छ। अन्नपूर्ण-५ स्वाँतका ७२ वर्षीय बागवीर पाइजा १७ वर्ष गोर्खा सैनीक र नौ वर्ष ब्रुनाइमा काम गरेर विसं २०५८ मा जन्मथलो फर्कंदा नेपालमा सशस्त्रद्वन्द्व उत्कर्षमा थियो। तत्कालीन स्थानीय निकायका जनप्रतिनिधिको पदावधि सकिएको थियो । धन, पैसा हुने सहरमा बसाइँसराइ गर्ने क्रम बढेको थियो । “सङ्कटकालमा गाउँमा बसेर ज्यान जोगाउनै मुस्किल भएको अवस्थामा मलाइ गाउँलेले एकपछि अर्को गर्दै जिम्मेवारी दिँदै गए”, पाइजाले भन्नुभयो, “सबै सहयात्री सहरबजार र युके बसे तर म गाउँको काम गर्न छाडिन् ।” जनप्रतिनिधि नभएको अवस्थामा उहाँले गाउँलेलाई अभिभावकत्व प्रदान गरेर शिखमा धेरै विकास गतिविधि भए । बागवीर अघि सरेपछि स्थानीय, पोखरा, काठमाडौँ, चितवनलगायत सहर, बेलायत, हङकङ, अमेरीकादेखि खाडीमुलुकमा रहेका शिखवासीले साथ दिन थाले। पोखरामा महायज्ञ आयोजना गरेर शिख माविमा कक्षा १२ को पठनपाठन सञ्चालन सुरु गरियो। पोखरेबगरदेखि घार शिख, चित्रे पुगेको कच्ची सडक निर्माणमा शिखका तर्फबाट बागवीरले नेतृत्व गर्नुभयो । बाह्र वर्षसम्म शिख माविको व्यवस्थापन समितिको अध्यक्ष भएर काम गरेका पाइजाले विभिन्न दाताबाट सहयोग जुटाएर कम्प्युटर कक्षा सञ्चालन, इन्टरनेट जडान, छात्रावास सञ्चालन गराउनुभयो । विद्यालय चलाउन बयली र डाडखर्कमा सामुदायिक लज सञ्चालन भयो । ती स्थानलाई पर्यटकीय पदमार्गमा समावेश गरिएको छ । सामाजिक अभियानकर्मी महाविर पुनसँग सहकार्य गरेर भौगोलिक रुपमा बिकट र दुर्गम क्षेत्रमा रहेका सामुदायिक लजमा विद्युत सुविधा पुर्‍याउन रु दुई करोड ५० लाख जुटाएर ५० किलोवाट क्षमताको घोस्केखोर लघुजलविद्युत परियोजना निर्माण गरियो । पाँच वर्ष शिख स्वास्थ्य चौकीको व्यवस्थापन समितिको अध्यक्ष र स्थानीय तहको चुनाव नहुँदासम्म तत्कालिन शिख गाविसको राजनितिक संयन्त्रमा माओवादीका तर्फबाट प्रतिनिधित्व गरेका पाइजा एक वर्षयता बेलायतमा हुनुहुन्छ।

अन्नपूर्ण-५ पाउद्वारका ७० वर्षीय राजु पुन बेलायती गोर्खा सैनिकबाट सेवा निवृत्त भएपछिको एक दशकयताको समय त्यहाँको धार्मिक पर्यटकीयस्थल खयरभारानीको पूर्वाधार विकास, प्रचार र तीर्थालुको सेवामा सर्मीपत हुँदै आउनुभएको छ । बाइस वर्ष सेवा गरेपछि बेलायती गोर्खा सैनिकबाट सेवा निवृत्त भएका ७० वर्षीय लेफ्टीनेन्ट उहाँ विसं २०६८ देखि भौगोलिक रुपमा दुर्गम क्षेत्रमा पर्ने ओझेलमा परेको खयर भारानी क्षेत्रको विकासमा सर्मीपत हुनुभएको छ । राजुको नेतृत्वमा ‘खयर भारानी थान तथा क्षेत्र संरक्षण कोष’मार्फत दाताबाट करोडौं सहयोग जुटाएर पदमार्ग निर्माण/सुधार, थान (मन्दिर) र धर्मशाला निर्माण गरिएको छ । म्याग्दीकै पर्यटकीयस्थल पुनहिलमा मेजर टेकबहादुर पुनको स्मृतिमा ‘भ्यु टावर’ बनाउने कामको नेतृत्व गरेका राजुको अगुवाइमा खयर क्षेत्रमा निर्माण गरिएका पूर्वाधारले पर्यटक र तीर्थयात्रीलाई सहज भएको छ। स्थानीयवासीले आफन्तको नाममा पाउद्वारदेखि खोपारा हुँदै चार हजार ७०० मिटर उचाइमा रहेको खयर भारानी ताल जाने दश किलोमिटर भन्दा बढी दुरीको पदमार्ग र चौतारी बनाएका छन्। कोषले स्वदेश तथा विदेशमा सहयोग जुटाएर खोपारा र खयर क्षेत्रको पूर्वाधार विकासमा रु एक करोड ५० लाखको हाराहारीमा लगानी गरेको छ। गाउँ धानेका भूपु

युवा पलायनले रित्तिएका गाउँको नेतृत्व जीवनको उर्वरकाल विदेशी भूमिमा रगत र पसिना बगाएर फर्केका भारतीय ताथ बेलायती गोर्खा सैनिकका भूपुहरूले सम्हालेका छन् । राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक क्षेत्रमा भूपु सैनिकको नेतृत्व छ। बुढ्यौली लाग्दासम्म सामाजिक सेवामा क्रियाशील भुपु सैनिकहरुले गाउँको आर्थिक-सामाजिक व्यवस्थालाई चलायमान बनाएका छन् । गाउँमा भूपुहरूको सक्रियता आशालाग्दो भएको सो गाउँपालिकाका अध्यक्ष डमबहादुर पुन बताउनुहुन्छ। “मगर बाहुल्य बसोबास रहेको म्याग्दीमा भारतीय, बेलायती सैनिक र सिङ्गापुर प्रहरीका धेरै परिवार रहेका छन्”, भारतीय सेनाका सेवानिवृत्त क्याप्टेन समेत रहेका उहाँले भन्नुभयो, “बसाइँसराइ, विदेश पलायन, सुख-ऐश्वर्यको खोजी जस्ता कारणले सुनसान बन्दै गएको गाउँलाई भूपुहरूले प्राण भरेका छन्।” पहिलो जस्तो गाउँमै आएर गल्लाले खोजी खोजी भर्ना नगरे पनि म्याग्दीका सबैजसो गाउँका युवा भारतीय तथा बेलायती सेनामा कार्यरत छन् । प्रत्येक जसो बस्तीमा सेवा निवृत्त भएका भूपु सैनिक छन् । हबल्दार, सुवेदार, क्याप्टेनसम्मको पद हासिल गरेर फर्केका भूपु सैनिकले अहिले गाउँका सामाजिक सङ्घ संस्था हाँकेका, राजनीतिक दलको नेतृत्व गरेका र उपभोक्ता समितिमा रहेर काम गरेका छन्।

समाजसेवामा रुचि राख्ने, इमान्दार, सहयोगी, साक्षर, अनुशाशित र नीति नियमबारे जानकार भएकाले गाउँमा धेरैले भुपुहरुलाई विश्वास गर्ने शिख माविका प्रअ केदार कार्कीले बताउनुभयो । सामाजिक काममा बढी समय दिनुपर्दा कहिलेकाहीं परिवारसँग तिक्तता बढ्ने गरेको अनुभव भूपुहरु सुनाउनुहुन्छ।

परिवारको व्यवस्थापन गरेर सामाजिक सेवामा समय दिने गरेको अन्नपूर्ण-३ दानाका भारतीय सेनाका सेवा निवृत्त लेप्टेन बेलबहादुर पुर्जाले बताउनुभयो । “कतिपय ठाउँका भूपूहरू सहरी क्षेत्रमा बसाइँसराइ गरी आरामको जीवन बिताइरहे पनि गाउँमा सक्रीय भुपुहरु पनि उत्तिकै छौ”, उहाँले भन्नुभयो, “गाउँमा नेतृत्व गर्ने, आर्थिक-सामाजिक विकासमा अग्रसरता लिने युवा र शिक्षित पुस्ता पलायन हुँदा हामीले बाध्य भएर नेतृत्व लिनुपरेको हो।”

# मलेसिया गएका युवा १६ वर्षदेखि सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
**पर्वत, २७ भदौ**

विगत १६ वर्षअघि रोजगारीका लागि मलेसिया गएका पर्वतका एक युवा बेपत्ता भएका छन्।

पर्वतको महाशिला गाउँपालिका-१ होश्राङ्दीको अर्गाउदीका सर्वजित सुनार विगत १६ वर्षदेखि परिवारबाट सम्पर्कविहीन हुनुभएको हो । साविकको होश्राङ्दी गाविस-७ अर्गाउदीका उमाराज विक र विष्णुमाया विकका साइला छोरा सर्वजीत विक विगत १६ वर्षदेखि सम्पर्कविहीन भएको परिवारले जनाएको छ। विसं २०६२ मा मलेसिया जानुभएका सर्वजीत हालसम्म परिवारको सम्पर्कमा नआएपछि परिवारले खोजी गरिदिन अपिल गरेको छ। छोरालाई हालसम्म सबै ठाउँमा खोजतलास गर्दा पनि कुनै अत्तोपत्तो नभएपछि खोजी गरिदिन आमा विष्णुमाया विकले सबैलाई अपिल गर्नुभएको छ । राम्रो लाउने मीठो खाने सपना बोकेर धन कमाउने आशामा विदेश गएको छोरा बेपत्ता भएपछि आफूहरु अत्यन्त पिरमा परेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “घरको आर्थिक समस्याले छोरालाई विदेश पठायौं तर १६ वर्षसम्म छोराको अत्तोपत्तो नपाउँदा छोराकै पिरले हामीलाई दिनको भोक र रातको निद हराएको छ।” मलेसिया गएको चार वर्षसम्म छोराले फोन गरिने गरेपनि त्यसपछि कुराकानी हुन छाडेको उहाँले बताउनुभयो। अहिले कहाँ र कस्तो अवस्था छ, कुनै आपत्‌विपद परेर हो कि अथवा केही भयो कि ? छोराको अवस्था थाहा पाउन नसकेपछि हामी सारै सस्यामा परेका छौं। लामो समयसम्म पनि छोरा घर नफर्केपछि छोरा आमाबाबु चौबिसै घण्टा पिरोलिने गरेको बेपत्ता सर्वजीतकी भाउजु सम्झना विकले बताउनुभयो। सोह्र वर्षअघि काठमाडौं मेभ मेनपावरबाट मलेसिया गएका सर्वजीत मलेसियाको सेलेङ्गर भन्ने ठाउँमा (निलेइ कम्पनी) हेन गल्वस कम्पनीमा काम गरेको सर्वजीतका आफन्त विष्णुराम विकले बताउनुभयो।

चार वर्षसम्म सोही कम्पनीमा काम गरेको र त्यसपछि त्यहीँबाट सम्पर्कविहीन भएको उहाँको भनाइ छ । सर्वजीतलाई विदेश पठाएको मेनपावर अहिले बन्द भएको छ। हालसम्म धेरै खोजी गर्दा पनि सर्वजीतको अवस्था पत्ता नलागेको विकले बताउनुभयो । विक परिवार अझै पनि छोरो घर फर्किन्छ भन्ने आशामा रहेका छन् । छोरा गएको ठाउँ मलेसियालगायत सबैतिर खोजिदिन परिवारले सबैसँग आग्रह गरेको छ।

# बागलुङका मठमन्दिर सोमबारदेखि खुल्ने

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ भदौ**

यहाँको प्रसिद्ध शक्तिपीठ कालिका भगवतीसहित सबै मठमन्दिर सोमबारदेखि सर्वसाधारणका लागि खुला हुने भएका छन्।

कोरोना महामारीका कारण गत वैशाखदेखि धार्मिक क्षेत्र बन्द थिए । आइतबार बसेको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थान केन्द्रको बैठकले जनस्वास्थ्य मापदण्ड पूरा गरेर मठमन्दिर खोल्ने निर्णय गरेको हो । मन्दिरको प्रवेशद्धारमा हात धुने व्यवस्था गर्नुपर्ने, दर्शनार्थीको ज्वरो नाप्ने, अनिवार्य मास्क प्रयोग र पूजाको लाममा रहँदा भौतिक दूरी कायम गर्नुपर्ने नियम तोकिएको छ। कोरोनाको दोस्रो लहर भित्रिएपछि कालिका भगवती, सर्वसिद्धिधाम पञ्चकोटलगायत यहाँका धार्मिक पर्यटकीय गन्तव्यस्थल ठप्प थिए। मन्दिरमा दैनिक नित्य पूजापाठ मात्र हुँदै आएको थियो।

कालिका भगवती मन्दिर गुठीका अध्यक्ष राजु खड्काले मन्दिर परिसरमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालनामा कडाइ गरिने बताउनुभयो । बडादशैं पनि नजिकिँदै गएकाले सुरक्षित तबरले भक्तजनलाई पूजापाठको प्रबन्ध गरिने उहाँको भनाइ छ। केन्द्रका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीका अनुसार मठमन्दिरसँगै चलचित्र घर, पार्टी प्यालेस, खेलकुदस्थल, जिमखाना, सौन्दर्य व्यवसाय, तालिम केन्द्रलगायत पनि स्वास्थ्य मापदण्ड पालना गरेर खोल्न पाइने भएको छ । चलचित्र घर आधा क्षमतामा चलाउने र अनलाइन टिकट बेच्नुपर्ने मापदण्ड बनाइएको छ । सरकारले तोकेको ‘स्मार्ट लकडाउन’ को प्रावधानभित्र रहेर स्थानीय तहले केन्द्रसँगको समन्वयमा विद्यालय सञ्चालनको निर्णय गर्न पाउने भएका छन्।


## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/२८)

**जिल्ला नवलपरासी (व.सु.पू) मध्यविन्दु न.पा.–१४, स्थित श्री रातामाटा सा.व.उ.स. को घाटगद्दीमा रहेको साल जातको ५५८७.०३ घ.फि.गोलिया काठ र साल अन्य मिश्रित दाउरा २४ चट्टा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक काठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) ले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिन शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सर्म्पक राख्न सकिने छ।**

**श्री रातामाटा सामुदायिक वन उपभोक्ता समुह**
**मध्यविन्दु न.पा.-१४, नवलपरासी (व.सु.पू)**





# यसवर्ष औसतभन्दा बढी वर्षा, कहिले खुल्छ मौसम ?

–नारायण ढुङ्गाना
काठमाडौं, २७ भदौ (रासस)

मनसुनको अवधि जुनदेखि सेप्टेम्बर पूरा नहुँदै (चार महिना नपुग्दै) मुलुकमा सरदरभन्दा बढी वर्षा भएको छ । अझ उत्तरी भूभागमा बढी वर्षा भएको मौसम विज्ञान विभागले जनाएको छ।

मुलुकका विभिन्न मुख्य २० वर्षा मापन केन्द्रलाई आधार मानेर निकालिएको औसत मौसमी विवरणअनुसार उक्त चार महिनामा मुलुकमा सरदर एक हजार ४०३ मिलिमिटर पानी पर्थ्यो तर अहिले १८ दिनअघि नै एक हजार ५२७ मिलिमिटर पानी परिसकेको छ।

मौसम विज्ञान विभागको जलवायु विश्लेषण शाखा प्रमुख, वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेलका अनुसार सेप्टेम्बर १२ अर्थात् आजसम्मको विश्लेषण गर्दा सरदर एक हजार २६८ मिलिमिटर वर्षा हुनुपर्ने थियो तर औसत विवरणअनुसार २६९ मिलिमिटर बढी पानी परिसकेको छ। यो सरदर वर्षाको अनुपातमा आजसम्मको वर्षा विश्लेषण गर्दा १२० दशमलव ४ प्रतिशत हो । उहाँका अनुसार सरदर वर्षाको अनुपात भने ९० देखि ११० प्रतिशतलाई मानिन्छ।

काठमाडौँमा पनि यसपाली बढी वर्षा भइसकेको छ। विभागका अनुसार काठमाडौँमा आजसम्म सरदर एक हजार ७२ दशमलव ५ मिलिमिटर वर्षा हुनुपर्नेमा आजसम्म एक हजार ३५१ दशमलव २ मिलिमिटर पानी परिसकेको छ । मनसुनको अवधि (सेप्टेम्बर अन्तिम) सम्म एक हजार १७६ मिलिमिटर पर्नुलाई सरदर वर्षा मानिन्छ । अहिले नै वर्षा नाघिसकेको छ । काठमाडौँमा आजसम्मको तुलना गर्दा १२६ प्रतिशत पानी परिसकेको छ। चार महिनाको मनसुन अवधिको औसत निकाल्दा भने यो ११५ प्रतिशत हुन आउँछ। प्राप्त विवरणअनुसार जोमसोममा सबैभन्दा बढी वर्षा भएको छ। सरदर १३७ दशमलव १ मिमिमिटर पानी पर्नुपर्नेमा त्यहाँ ३३९ दशमलव ३ मिलिमिटर पानी परिसकेको छ। कँडेलका अनुसार यो सरदरको २५४ दशमलव ८ प्रतिशत हो। यसपाली दोस्रो बढी पानी पर्ने अर्को केन्द्र भैरहवा हो । त्यहाँ १४० दशमलव ७ प्रतिशत वर्षा भएको छ। उहाँका अनुसार आजसम्म एक हजार २४९ दशमलव ८ प्रतिशत सरदर वर्ष हुनुपर्नेमा एक हजार ९२५ मिलिमिटर पानी परिसकेको छ।

मुलुकमा यसपाली औषधभन्दा बढी वर्षा हुने आँकलनकै बीच भारी वर्षापछिको बाढी, पहिरो र डुबानले ७१ जिल्लालाई नराम्ररी प्रभावित बनायो । मुख्यतः सिन्धुपाल्चोक, मनाङ, पाल्पामा, कास्कीमा, दाङ, पर्वतलगायत एक दर्जन जिल्ला मानवीय र भौतिक क्षतिका दृष्टिले बढी प्रताडित छ। सरकारले मनाङ र सिन्धुपाल्चोकलाई त विपद् सङ्कटग्रस्त जिल्ला नै घोषणा गरेर आवश्यक पुनरुउत्थानका कार्य अघि बढाइसकेको छ।

मनसुनजन्य घटना (बाढीपहिरो र डुबान) का घटनामा मात्रै यसपाली मुलुकभर १३० को मृत्यु भयो भने अझै ४१ जना हराइरहेका छन् । सबैभन्दा बढी सिन्धुपाल्चोकमा मानवीय क्षति भएको छ। उक्त जिल्ला गत वर्ष पनि विपद्का दृष्टिले सबैभन्दा बढी प्रभावित थियो। जल तथा मौसम विज्ञान विभागले गत वैशाखमै मनसुन अवधिमा सुदुरपश्चिम, कर्णाली गण्डकी, वाग्मती प्रदशेका अधिकांश स्थान तथा प्रदेश १ को मध्य तथा पश्चिम पहाडी, हिमाली भूभागमा सदरदभन्दा बढी (३५ देखि ६५ प्रतिशत) वर्षा हुने अनुमान गरेको थियो।

उच्च हिमाली क्षेत्रमा भने ५५ देखि ६५ प्रतिशत वर्षा हुने आँकलन गरिएको थियो । प्रदेश १ को तराई र प्रदेश २ को पूर्वी जिल्लामा सरदरभन्दा कम वर्षा हुने अनुमान गरिएको थियो। विभागले विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रको हावापानी प्रारुप, जल तथा मौसम विज्ञान विभागको मनसुनी वर्षा र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आँकलनका आधारमा उक्त निष्कर्ष निकाल्ने गरिन्छ। नेपालको वर्षाको मनसुनी प्रणालीमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने 'एन्सो', हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको अवस्था, जलवायु प्रारुपको मनसुन अवधिको आँकलन, युरोप तथा एसियामा गत हिउँद तथा प्रिमनसुनको अवधिमा परेको हिउँ, अन्तरऋतु परिवर्तनशिलताका कारकलाई समेत मध्यनजर गरी उक्त आँकलन तयार पारिन्छ । यसपाली गएको वैशाखमै आँकलन गरिएको थियो । त्यसमा नेपाल, भारत, म्यान्मालगायत नौ देशका मौसमविद् सहभागी थिए।

**के अब मौसम खुलेकै हो ?**

ठूलाठूला विपद्का घटना निम्तिएपछि पछिल्ला केही दिनदेखि विस्तारै मौसम सफा हुँदै गएको हो कि भन्ने महसुस गराएको छ । कर्णाली प्रदेशबाहेक आज धेरै ठाउँमा घाम लागिरहेको छ । के अब मौसम खुलेकै हो त ? यसपालीको विपद् यति नै हो त ? आम सर्वसाधारणमा प्रश्न खेलिरहेको छ । त्यही प्रश्न मौसमविद्सँग राख्दा त्यो अनुमान गर्न अझै हतारो हुने प्रतिक्रिया प्राप्त भएको छ । उहाँहरुका अनुसार अझै विपद् टरिसकेको छैन। जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् सुमनकुमार रेग्मी भन्नुहुन्छ, "मनसुन नसकिँदासम्म जोखिम कायमै रहन्छ, खुलेको जस्तो देखिए पनि कुनै पनि बेला मनसुन एक्टिभ भएर भारी वर्षा हुनसक्छ, नियमित अपडेटमा रहनुपर्छ।"

यसपालीको मनसुनका समयमा मुलुकका धेरै जसो भूभागमा सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएको थियो। सोहीअनुसार नै वर्षा भएको जनाइएको छ। नेपालमा यसपाली मनसुन दुई दिन ढिला गरी गएको जेठ २८ गते भित्रिएको थियो । आगामा असोज १७ को आसापास मनसुन बाहिरिनेछ।

जेठ ३० गतेदेखि देशैभरि सक्रिय भयो । त्यसको अर्को दिनबाटै भारी वर्षा सुरु भई जनजीवन प्रभावित बनायो। सुरुआती वर्षाले मनाङ र सिन्धुपाल्चोकलगायत जिल्लामा ठूलो जनधनको क्षति गरायो । असार १ र असार १६ गते पुनःभारी वर्षा हुँदा सिन्धुपाल्चोकमा दोहोरिएर क्षति भयो । अघिल्लो हप्ता तराईका जिल्लामा भारी वर्षा हुँदा बाढी र डुबानको समस्या निम्तियो । गृहमन्त्रालयबाट प्राप्त विवरणअनुसार सिन्धुपाल्चोकमा अहिलेसम्म छ जनाको मृत्यु भएको छभने २० बेपत्ता भएका छन् । सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकामा मात्रै २४७ घर बाढीले भत्काएको छ। कूल एक हजार ७०० रोपनीभन्दा बढी जमिन लगेको छ। जग्गामा मात्रै तीन अर्ब बढीको क्षति भएको प्रारम्भिक अनुमान छ।

उता जिल्लाको हेलम्बु गाउँपालिकामा २२७ घर बग्यो । कूल दुई हजार १०० रोपनी बढी जग्गा लगेको विवरण प्राप्त छ । यस्तै पाल्पामा छ, कास्कीमा सात, दाङमा १० र पर्वतमा १३ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

यसपाली मनसुनजन्य विपद् का कारण ७१ जिल्ला प्रभावित भएको छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वाधुनमान महाशाखाका मौसमविद् समीर श्रेष्ठ अहिले मुलुकभर मौसम सामान्य बदली रहे पनि कर्णाली प्रदेशमा छिटफुट वर्षा भइरहेको जानकारी दिनुहुन्छ। "सोमबार पनि मौसम सामान्य नै छ, मङ्गलबार केही बदली हुनसक्छ", श्रेष्ठले राससँग भन्नुभयो । उहाँले पनि तत्कालै भारी वर्षाको सम्भावना भने नदेखिएको बताउनुभयो । यद्यपि मनसुन नबाहिरिँदासम्म कुनै पनि बेला बदली हुने श्रेष्ठको भनाइ छ।

**वैशाख यताका घटना र मानवीय क्षति**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गएको वैशाख यता कूल एक हजार ७६२ विपद्का घटना भएको छ । ती घटनाबाट २३४ जनाको मृत्यु भएको छ । यसमा बाढीपहिरो र डुबान बाहेकका विपद्जन्य घटनासमेत समावेश छ । तीन घटनामा ४१ जना हराइरहेका छन् भने ४६४ घाइते भए । कूल दुई हजार २७८ परिवार प्रभावित छन्। कूल सात अर्ब ७७ करोडको क्षति भएको अनुमान गरिएको छ।

जसमा सबैभन्दा बढी ६७९ आगलागीका घटना भए । यद्यपि मानवीय क्षतिका हिसाबले भने सबैभन्दा बढी पहिराबाट ७७ ले ज्यान गुमाएका छन्। सबैभन्दा बढी बाढीमा परेर ३२ बेपत्ता भएका छन्। प्राप्त विवरणअनुसार आगलागीमा परी १४, पहिरामा ७७, बाढीबाट ३८, अविरल वर्षाका कारण १६, चट्याङबाट ४८, सर्पको टोकाइबाट १६, डढेलोबाट तीन, हावाहुरीका कारण एक र जनावरको आक्रमणबाट २१ जनाले ज्यान गुमाएका छन्।

# होटलमा छैन उत्साह : धमाधम बुकिङ रद्द

रासस
काठमाडौं, २७ भदौ

शरद ऋतु नेपालको पर्यटनका लागि अनुकूल मौसम । यो याममा पदयात्रा र पर्वतारोहणका लागि उल्लेख्य सङ्ख्यामा स्वदेशी पर्यटक नेपाल आउछन् । कोभिड-१९ महामारीको जोखिम नभइदिएको भए यतिखेर विदेशी पर्यटकले नेपालका होटल भरिभराउ हुनेथिए भने पदमार्ग र अन्य धार्मिकस्थलमा विदेशी खचाखच हुन्थे।

राजधानीको ठमेललगायत देशका प्रमुख पर्यटकीय गन्तव्यमा विदेशी नागरिकको भीडभाड हुन्थ्यो तर कोभिडले सबैभन्दा बढी प्रभावित बनाएको मुलुकको पर्यटन क्षेत्रमा अहिले पनि खासै उत्साह छैन। पर्यटन पूर्वाधारमा लगानी बढाएका व्यसायी निरास छन् । पर्यटनसँग जोडिएका सबैजसो व्यापार व्यवसाय चौपट छ। झिनो सङ्ख्यामा भए पनि पर्यटक पाहुनाको पर्खाइमा छन् व्यवसायी । कोभिडको दोस्रो लहरपछि नेपालको पर्यटन क्षेत्रमा सकारात्मक गतिविधि बढ्ने अपेक्षा थियो। अझै पनि तेस्रो लहरको जोखिम कायमै रहेकाले पर्यटक र पर्यटकीय गतिविधि बढ्ने अवस्था छैन । यतिखेर पर्यटकले धमाधम बुकिङ रद्द गरिरहेका छन्। महामारीकैबीच बुकिङ रद्द भएपछि व्यसायीमा थप त्रास बढेको छ । पर्यटकस्तरदेखि तारे होटलका बुकिङ धमाधम रद्द भइरहेको होटल सङ्घ नेपाल (हान) ले जनाएको छ। अहिले राजधानी काठमाडौँमा निषेधाज्ञा हटेको छ। सबै होटल खुलेका छन् तर होटलमा ग्राहक छैनन् । तत्काले विदेशी नेपाल आउने अवस्था पनि छैन। हानका प्रथम उपाध्यक्ष विनायक शाहले पर्यटकीय याममा धमाधम बुकिङ रद्द हुनुले व्यसायीलाई थप निरास तुल्याएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "होटल त खुलेका छन् पाहुना छैनन्। बुकिङ पनि रद्द भइरहेका छन् यसले होटल क्षेत्रलाई झनै निरास बनाएको छ । खर्बौंको लगानी जोखिममा छ।" सेप्टेम्बरको मध्यतिर पनि नेपाल आउनेखाले विदेशी नागरिक तत्काल आउने अवस्था छैन। विमानस्थल होटलमा अल्पाइन ग्रुपका जर्मन नागरिक करिब ५० जनासम्म हरेक वर्ष वार्षिकोत्सव मनाउन नेपाल आउने गरेका थिए। यो पटक उनीहरु आउने अवस्था छैन । बुकिङ रद्द गर्दैछन्। सगरमाथा आधार शिविरसम्म यात्रा गर्ने ती विदेशीले यो वर्ष यात्रा रद्द गरेका हुन् । हानका अनुसार अहिले आधाभन्दा बढी बुकिङ रद्द भइसकेका छन् । नेपाल आउने विदेशीले वर्षदिनदेखि छ महिनाअघि बुकिङ गर्छन् । पन्ध्र दिनअघिसम्म बुकिङ रद्द गर्दा शुल्क लाग्दैन । नेपालमा वर्षायाम सकिएलगत्तै विदेशी आउन थाल्छन्। विशेषगरी अक्टोबर, नोभेम्बर र डिसेम्भर महिनामा विदेशी पर्यटक बढी आउछन्। हानमा आबद्ध साना ठूला गरी करिब चार हजार होटल छन् । हानका उपाध्यक्ष सामान्य अवस्थामा यो याममा करिब ८० प्रतिशत होटल बुकिङ हुन्थ्यो । अहिले १० प्रतिशतभन्दा कम बुकिङ थियो। सन् २०२० मा पनि करिब १० प्रतिशत मात्रै बुकिङ थियो । नेपाल आउने विदेशी पर्यटकले अहिले सात दिन क्वारेन्टिन बस्नुपर्छ । खोपको मात्रा पूरा गरेर आए पनि क्वारेन्टिन बस्नुपर्ने बाध्यता र अनअराइभल भिसाको सुनिश्चितता नहुँदासम्म पर्यटक नबढ्ने व्यवसायीको भनाइ छ । यो पटक पर्यटक बढ्नेछन् किनकी विदेशी राहदानी भएका नेपाली आइरहेका छन् । कूटनीतिक नियोग, गैरसरकारी संस्था, बहुर्राष्ट्रिय कम्पनीका कर्मचारी पनि नेपाल भित्रिइरहेका छन्। अक्टोबर महिनामा हुने गैर आवासीय नेपाली सङ्घको निर्वाचनले पनि यो वर्ष नेपाल आउनेको सङ्ख्या बढ्ने अनुमान गरिएको छ । नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष अच्युत गुरागाईंले मुख्य पर्यटकीय याममा पनि बुकिङ रद्द भइरहनुले व्यवसायीलाई थप निरास तुल्याएको भन्दै खोप लगाएर आउने पर्यटकलाई सहजै नेपालका गन्तव्यमा घुम्ने वातावरण सिर्जना गरिनुपर्ने खाँचो औँल्याउनुभयो । उहाँले भन्नुभयो, "अक्टोबरका लागि ग्रुप रद्द भइसके, व्यवसायीको ठूलो लगानी धराशायी अवस्थामा छ, खोप लगाएका पर्यटकलाई सहजरुपले आउन दिनुपर्छ, यो सिजनमा पनि पर्यटक आउन नदिने हो भने व्यवसायी पलायन हुनुपर्ने अवस्था आउँछ।"

अध्यक्ष गुरागाइँले खोप लगाएर आउने विदेशी नागरिकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै अनअराइभल प्रवेशाज्ञा (भिसा) को व्यवस्था गरी हालको क्वारेन्टिन बस्नुपर्ने बाध्यता हटाउन सरकारसँग आग्रह गर्नुभयो । उहाँले भारतीय पर्यटकलाई सहजरुपमा नेपाल आउने वातावरण बनाउन सम्बन्धित निकायले पहल लिनुपर्ने जिकिर गर्नुभयो । नेपालमा १६० भन्दाबढी मुलुकका विदेशी नागरिक विभिन्न प्रयोजनका निम्ति आउने गरेका छन्।

पर्यटन उद्योगको संरक्षण र प्रवर्द्धनका लागि राज्यले घोषणा गरेका कार्यक्रमको कार्यान्वयनको वातावरण नबन्दा असहज परिस्थिति आएको हानका उपाध्यक्ष शाहको गुनासो छ।






# चित्रकलामा 'हाम्रो पोखरा, राम्रो पोखरा'

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौ

नेशनल प्याब्सन कास्कीको आयोजनामा 'हाम्रो पोखरा, राम्रो पोखरा' विषयमा छैटौँ जिल्लास्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ।

नेशनल प्याब्सन कास्कीमा आबद्ध विद्यालयका २५ जना विद्यार्थी सहभागिता रहेको उक्त प्रतियोगितामा, "हाम्रो पोखरा राम्रो पोखरा" विषयमा प्रतिष्पर्धा भएको थियो । स्वास्थ्य मापदण्ड अपनाएर भौतिक उपस्थितिमा आयोजना गरिएको प्रतियोगितामा डायमण्ड मोडल स्कूलका आयान इकुवल प्रथम भएको कार्यक्रम संयोजक सञ्जय पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार कास्की मोडनाइज्डका मानस तामा द्वितीय, सिद्धार्थ लवडेलका आशिष तिमिल्सिना तृतीय तथा सिद्धिविनायकका सोसिमा घले र ज्ञानज्योति विद्याकुञ्जका रुपा भुजेल सान्त्वना भएका छन्।

विजयी विद्यार्थीलाई ट्रफि, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरिएको थियो । प्रतियोगिताको निर्णायकमा चित्रकार रमेश श्रेष्ठ र हरिराम जोजीजु रहनुभएको थियो।

सो अवसरमा पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले कोरोना भाइरस सङ्क्रमणका समयमा विद्यार्थीको प्रतिभा बाहिर आउन नसकेको जनाउँदै विद्यार्थीलाई सिर्जनात्मकरुपबाट अघि बढाउन यस्ता कार्यक्रम आवश्यक रहेको बताउनुभयो।

उहाँले अब छिट्टै नै भौतिकरुपमा विद्यालय सञ्चालन गर्ने तयारीमा रहेको जानकारीसमेत दिनुभयो। उहाँले भन्नुभयो, "भौतिकरुपमा विद्यालय सञ्चालन गर्न हामीले धेरै प्रयास थालेका छौँ, कोरना सङ्क्रमित दर पनि घट्दै गएकाले कुनै न कुनै मोडालिटीमा हामी छिट्टै नै स्कूल सञ्चालन गर्ने तयारीमा छौँ।" नेशनल प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र मोहन भट्टराइले भौतिक उपस्थितिमा प्रतियोगिता गरेर विद्यार्थीको कला उजागार गर्न सफल भएको बताउनुभयो । चित्रकार रमेश श्रेष्ठले प्रतियोगिताले ललितकला क्षेत्रमा ईँटा थप्ने काम गरेको बताउनुभयो।

नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, निवर्तमान अध्यक्ष रामबहादुर मोची, अतिरिक्त क्रियाकलाप प्रमुख राजु केसी, सदस्य शिवराज पौडेललेलगायतले वर्तमान अवस्थामा विद्यार्थीमा परेको असर र उनीहरुलाई सिर्जनात्मक बनाउनुपर्नमा जोड दिनुभयो।

# जग्गा अभावले स्तरोन्नति रोकियो

पोखरापत्र संवाददाता
दमौली, २७ भदौ

तनहुँका सदरमुकाममा रहेको जिल्ला अस्पताल जग्गा अभावका कारण स्तरोन्नति हुनसकेको छैन । पन्ध्र शय्या क्षमताको अस्पताललाई ५० शय्यामा विस्तार गर्न जग्गा नै प्रमुख कारक रहँदै आएको छ। अस्पताल व्यवस्थापन समितिले आसपास रहेका जग्गा अस्पताललाई हस्तान्तरण गर्न पटक-पटक प्रदेश सरकारसँग आग्रह गरे पनि प्राप्त भएको छैन।

अस्पतालसँग जोडिएका कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल पशु सेवा विज्ञ केन्द्रको जग्गा अस्पताललाई प्रदान गर्न जनप्रतिनिधि एवं सरोकारवालाले यस अगाडि कयौँपटक प्रदेश सरकारसँग अनुरोध गरेका थिए । जग्गाकै कारण अस्पतालको स्तरोन्नति रोकिएपछि व्यास नगरपालिकाले ज्ञान केन्द्रको जग्गा र भवन दमौली अस्पताललाई उपलब्ध गराउन गण्डकी प्रदेश सरकारसँग आग्रह गरेको छ । कार्यपालिकाको बैठकबाटै उक्त निर्णय गराएर सरकारलाई आग्रह गरिएको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । "दमौली अस्पताल व्यवस्थापनका लागि सिमाना जोडिएको केन्द्रको जग्गा र भवन अस्पताललाई उपलब्ध गराएर कृषि ज्ञान केन्द्रलाई अन्यत्र व्यवस्थापन गर्न अनुरोध गरेका छौँ", उहाँले भन्नुभयो, "दमौली अस्पताल र कृषि ज्ञान केन्द्र प्रदेश मातहतको कार्यालय भएकाले सरकारले चाहे यो सम्भव छ ।" यसअघि अस्पतालले कृषि ज्ञान केन्द्रको स्वामित्वको जग्गामध्येबाट पाँच रोपनी र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्वामित्वको मध्येबाट आठ रोपनी जग्गा अस्पताललाई उपलब्ध गराउन माग गरेको अस्पतालका अध्यक्ष प्रदीपराज अधिकारीले जानकारी दिनुभयो ।

पटक-पटक अस्पतालको स्तरोन्नतिका लागि पहल थालिदा पनि कुनै परिणाम प्राप्त नभएको उहाँको भनाइ छ । अस्पतालको स्तरोन्नतिका लागि आवश्यक जग्गा प्राप्तिमा पटक-पटक छलफल चलाएर फाइल बोकी सम्बन्धित निकायमा धाउँदा पनि सफल नभएको उहाँले बताउनुभयो । "विभिन्न ठाउँका विभिन्न कित्ताका सार्वजनिक र विभिन्न सरकारी कार्यालयको अनुत्पादक जग्गा पहिचानसहित सम्बन्धित निकायमा लगियो तर परिणाम अहिलेसम्म प्राप्त भएको छैन", उहाँले भन्नुभयो । विसं २०६२ मा आफ्नै स्रोत साधन प्रयोग गरी ५० शय्याको अस्पताल सञ्चालन गर्न अनुमति पाए पनि अस्पताल समितिले सञ्चालन गर्न सहज नभएको अध्यक्ष अधिकारीले बताउनुभयो । "यसका लागि चाहिने विशेषज्ञ तथ अन्य जनशक्तिको व्यवस्थापन, उनीहरूको सेवासुविधा, काम गर्ने भवन, त्यहाँ चाहिने उपकरणको जोहो समितिले गर्न सक्थेन", उहाँले भन्नुभयो ।

वर्तमान अवस्थामा पनि अस्पतालले केही उल्लेख्य प्रगति गरेको छ । अस्पतालमा फोहर पानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत, यनेस्थेसिया, गाइनोलोजी सेवा सञ्चालन, भेन्टिलेटरसहित आइसीयू कक्ष, अत्याधुनिक प्रयोगशाला सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायतका सेवा विस्तार गरिएको छ । साथै शव राख्नका लागि दुई तह भएका दुई मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ।

अस्पतालबाट हाल ४२ शय्यामा सेवा प्रवाह भइरहेको छ । अस्पतालको स्तरोन्नति गर्न सकिए सरकारी फिजिसियन, सर्जन, बालरोग, प्रसूतिरोगका विशेषज्ञ चिकित्सकको दरबन्दी थप हुनेछ। अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायोलिसस सेवासमेत प्रदान गर्दै आइरहेको छ। विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो ।

# प्रवासीद्वारा नगद र स्वास्थ्य सामग्री सहयोग

पोखरापत्र संवाददाता
बागलुङ, २७ भदौ

रोजगारीको सिलसिलामा जापान पुगेका ताराखोलावासीले गाउँका बाढीपहिरो प्रभावित परिवारलाई रु सात लाख नगद राहत सहयोग गरेका छन्।

ताराखोला समाज जापानमार्फत सङ्कलित सो राहत रकम शनिबार गाउँपालिकाका पाँचै वडाका गरी ३५ परिवारलाई हस्तान्तरण गरिएको हो। राहत रकम बुझ्नेमा वडा नं १ का दुई, २ का ११, ३ का १४, ४ का दुई र वडा नं ५ का पाँच परिवार छन्। एउटा परिवारलाई न्यूनतम रु पाँच हजारदेखि बढीमा रु एक लाख २० हजारसम्म राहत सहयोग उपलब्ध गराइएको समाजले जनाएको छ। स्थानीयस्तरमा गठित ताराखोला समाजद्वारा आयोजित कार्यक्रममा गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीलगायतले संयुक्तरूपमा राहत रकम प्रदान गर्नुभएको थियो। सो समितिका सचिव गणेश कार्कीका अनुसार समाजले वडा नं ३ मा रहेको हिल स्वास्थ्यचौकीका लागि रु आठ लाख बराबरका भिडियो एक्स-रे, एनालाइजरलगायत स्वास्थ्य उपकरण/सामग्रीसमेत प्रदान गरेको छ। समाजले यसअघि गाउँपालिकाको विपद् कोषमा रु १४ लाख जम्मा गरेको थियो । गाउँपालिका अध्यक्ष घर्तीले प्रवासी नेपालीले आफ्नो गाउँका लागि निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो । समाजले गाउँपालिकामा हुने विपद्का घटनादेखि विकास निर्माणका अभियानमा सहकार्य गर्दै आएको उहाँले स्मरण गर्नुभयो । ताराखोलासँगै गलकोट, लेखानी समाज जापानलगायत प्रवासी नेपालीले खोलेका सङ्घसंस्था मानवीय सेवाका काममा सक्रिय छन्।

# म्याग्दीका पर्यटकीयस्थल खुल्न थाले

पोखरापत्र संवाददाता
म्याग्दी, २७ भदौ

यहाँका पर्यटकीयस्थल करिब पाँच महिनापछि खुल्न थालेका छन् । कोरोना भाइरसको दोस्रो लहर फैलिएपछि गत वैशाख दोस्रो सातादेखि यहाँका पर्यटकीयस्थल भ्रमण गर्न रोक लगाइएको थियो। कोरोना सङ्क्रमण कम हुँदै गएको, कोरोना भाइरसविरुद्धको खोप लगाउनेक्रम चलिरहेकाले थलिएको आर्थिक गतिविधि र जनजीवनलाई सहज बनाउन पर्यटकीयस्थल खुलाइएको हो।

घोडेपानी, मोहरेडाडा, खोपारा, टोड्के, रुस्से, भौँक्रीपानी, धौलागिरि र अन्नपूर्ण आधार शिविर, नारच्याङ झरना, मायालुडाँडालगायतका पर्यटकीयस्थलमा आन्तरिक पर्यटकको आगमन शुरु भएको छ । सिङ्गा, भुरुङ-तातोपानी, गुर्जा, ढोरपाटन सिकार आरक्ष, गुर्जालगायतका स्थलमा भ्रमण खुलाउन सम्बद्ध पालिका र प्रशासन कार्यालयमा अनुमति मागिएको छ।

अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीयस्थल घोडेपानीको टोल सुधार समितिका संयोजक विरेन गर्बुजाले आन्तरिक पाहुना आउन थालेकाले आगामी असोज १ गतेदेखि सबै पाहुनालाई भ्रमण खुला गरिने बताउनुभयो । "घोडेपानी-पुनहिल क्षेत्रको भ्रमणका लागि फाट्टफुट्ट पाहुना आउन थालेका छन्", उहाँले भन्नुभयो, "असोज १ गतेदेखि औपचारिकरुपमै होटल र पर्यटकलाई भ्रमणका लागि खुला गर्ने तयारीमा छौँ ।"

गाउँपालिकाको अर्को पर्यटकीयस्थल भुरुङ तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष अमृतमान शेरचनले मुस्ताङमा निषेधाज्ञा हटाएपछि त्यहाँ जाने आउने पाहुनाका लागि पनि बाटामा पर्ने भएकाले होटल खुलाइएको बताउनुभयो । "काठमाडौँ, पोखरा, मुस्ताङमा सबै खुला भइसकेपछि पाहुना आउन थालेका छन्", उहाँले भन्नुभयो, "अहिलेसम्म तातोपानीमा बाहिरबाट आएकालाई स्नान गर्न दिएका छैनौँ, अब बन्द गरेर हुँदैन भनेर पालिका र प्रशासनसँग समन्वय गरेर खुलाउने तयारीमा छौँ।" तातोपानी र पुनहिल भ्रमणमा आउने पर्यटकबाट गाउँपालिकाले ठेक्का प्रतिस्पर्धाबाट प्रवेश शुल्क उठाउने गरेको थियो। गत आर्थिक वर्ष २०७७/७८ मा प्रवेश शुल्क उठाउन नपाउँदा गाउँपालिकाको करिब रु एक करोड आम्दानी गुमेको छ । यस वर्ष प्रवेश शुल्क कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा गाउँपालिकाले अझै निर्णय लिन सकेको छैन्।

प्राकृतिक उपचार स्थलका रुपमा परिचित बेनी नगरपालिका-४ सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका सहसचिवकुमार केसीले स्नानका लागि खुला गर्न नगरपालिका र प्रशासनसँग अनुमति मागिएको बताउनुभयो । तत्कालका लागि कोरोनाविरुद्धको खोप लगाएकालाई स्नान गर्न मिल्ने गरी तातोपानी कुण्ड खुलाउन प्रस्ताव गरिएको छ । असोज-कात्तिक मुख्य पर्यटकीय याम हो । पर्यटन विभागका अनुसार आगामी याममा म्याग्दीस्थित धौलागिरि हिमाल आरोहणका लागि ४० जनाले अनुमति पाइसकेका छन्। पर्यटकीयस्थल बन्द हुँदा त्यस क्षेत्रमा अर्बौं लगानी भएका होटल व्यवसायी बैंकको ऋण र ब्याज तिर्न नसकेर समस्यामा परेका होटल व्यवसायी सङ्घ म्याग्दीका अध्यक्ष बाबुराम आचार्यले बताउनुभयो।

# १७० घरेलु उद्योग दर्ता

पोखरापत्र संवाददाता
लमजुङ, २७ भदौ

घरेलु तथा साना उद्योग कार्यालयमा ९७० घरेलु उद्योग दर्ता भएका छन् । आर्थिक वर्ष २०७७/७८ को साउनदेखि असारसम्मको एक वर्षको अवधिमा सो सङ्ख्यामा घरेलु उद्योग दर्ता भएका कार्यालय प्रमुख तोपलाल भुसालले बताउनुभयो।

जिल्लामा नयाँ घरेलु उद्योग दर्ता गर्नेमा वृद्धि हुन थालेको छ, अघिल्लो आर्थिक वर्षभन्दा गत आर्थिक वर्षमा ३०१ नयाँ घरेलु उद्योग बढी रहेको उहाँले जानकारी दिनुभयो । त्यस्तै आव २०७७/२०७८ को साउनदेखि असारसम्मको एक वर्षको अवधिमा ३६९ उद्योग नवीकरण गरिएका छन् । वाणिज्यतर्फ एक वर्षको अवधिमा ६४० नयाँ दर्ता भएका छन् । त्यस्तै ५५८ नवीकरण गरिएको घरेलु कार्यालयले जनाएको छ । आव २०७६/७७ को साउनदेखि असारसम्मको एक वर्षको अवधिमा ६६९ नयाँ घरेलु उद्योग दर्ता भएको प्रमुख भुसालले बताउनुभयो। यस अवधिमा २३७ घरेलु उद्योग नवीकरण भएका थिए । त्यस्तै वाणिज्यतर्फ ७६२ नयाँ दर्ता भएका छन् भने २३० नवीकरण गरिएका छन् । आव २०७५/७६ मा जम्मा ४६८ मात्रै कार्यालयमा घरेलु उद्योग दर्ता गरिएका थिए।


त्यस्तै यस चालु आवका चार महिनाको अवधिमा ८७ घरेलु उद्योग नवीरण भएका कार्यालय प्रमुख भुषालले जानकारी दिनुभयो । उहाँका अनुसार वाणिज्यतर्फ ६२९ दर्ता भएका छन् भने नवीकरण १५७ भएका छन् । आव २०७५/७६ मा उद्योग नवीकरण २७० गरिएको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार वाणिज्यतर्फ ४१४ दर्ता गरिएका थिए भने नवीकरण ४५८ गरिएको थियो । त्यस्तै आव २०७४/७५ मा २६७ नयाँ उद्योग दर्ता भएका थिए। त्यस्तै १६३ उद्योग नवीकरण भएको कार्यालयले जनाएको छ । वाणिज्यतर्फ २१० नयाँ फर्म दर्ता भएका थिए भने २६४ को नवीकरण गरिएको थियो। घरेलुमा उद्योग दर्ता गर्दा कानुनी झन्झट नहुने, सरकारी सेवा सुविधा पाउने र स्थानीय तहले घरेलुमा दर्ता गराउनुपर्छ भन्ने सन्देश फैलाएकाले कार्यालयमा दर्ता गर्ने व्यवसायी बढ्दै गएको कार्यालय प्रमुख भुषालको भनाइ छ । उहाँका अनुसार जिल्लाका बैँसीशहर बजार, भोटेओडार, सोती पसल सुन्दरबजार, भोर्लेटारलगायतका स्थानमा पसल बढिरहेका छन्।

दर्ता भएका उद्योगमध्ये अधिकांश सिलाइकटाई, कृषि फर्म, ब्युटिपार्लर, कृषि औजार, मौरीपालन, अलैँची, बङ्गुर फर्म, दालमोठ उद्योग, पर्यटन उद्योगलगायत सञ्चालनमा रहेको कार्यालयले जनाएको छ। साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा विसं २०४४/४५ देखि हालसम्म चार हजार ७४८ घरेलु उद्योग दर्ता भएका छन् । चार हजार ६६१ वाणिज्यतर्फ फर्म दर्ता भएका कार्यालयले जनाएको छ । विसं २०४४/४५ देखि हालसम्म चार अर्ब भन्दा बढी पुँजी लगानी भएको कार्यालय प्रमुख भुषालले जानकारी दिनुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. सं. १९८२/०७/१० गते

स्वर्गारोहणः
वि.स. २०७८/०५/१६ गते

स्वः रुद्रमान विजुक्छें

यस समितिका आजीवन सदस्य, कार्यसमितिका संस्थापक सदस्य सम्मानित सल्लाहकार सभाका सदस्य तथा श्री शेखर विजुक्छें, सन्तोष विजुक्छें एवं डा. सुनिल विजुक्छेंका प्रातः स्मरणीय श्रद्धेय पिताजी **रुद्रमान विजुक्छें** असामयीक स्वर्गारोहण हुनुभएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति श्री भैरवनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

तिर्थमान प्रधानाङ्ग
अध्यक्ष एवं
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**
**पोखरा**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २००१

स्वर्गारोहण : २०७८/०५/१६ गते

स्व. पुष्पादेवी गोयल

हाम्रा आत्मीय मित्र विष्णुकुमार गोयल तथा श्रवणकुमार गोयलका ममतामयी माता **पुष्पादेवी गोयल** को ७७ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। यस दुःखद घडिको आज १२ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सुवर्णमान नकर्मी/ राज्यलक्ष्मी नकर्मी**
**श्याम इन्जिनियरिङ**
**पोखरा-९ नयाँबजार**